# नेपालमा जलवायु परिवर्तन अनुकूलन वित्त

## परिचय:


प्रस्तुत तथ्यपत्र "नेपालमा जलवायु परिवर्तन अनुकूलनका लागि विद्यमान वित्तीय अवस्था बारे गरिएको अध्ययन" मा आधारित छ । अनुकूलन वित्तको जवाफदेहिताका लागि पहल (Adaptation Finance Accountability Initiative - AFAI) कार्यक्रम अन्तर्गत गरिएको यस अध्ययनमा अक्सफाम, ओभरसिज डेभलपमेन्ट इन्स्टिच्यूट, वर्ल्ड रिसोर्सेस इन्स्टिच्यूट र क्लिन इनर्जी नेपालको सहकार्य रहेको छ ।

यस अध्ययनले नेपालमा सञ्चालित जलवायु अनुकूलन एवं समानुकूलन परियोजना र कार्यक्रमहरूको अवस्था र आर्थिक आधारलाई चित्रित गर्दछ । प्रस्तुत अध्ययनले सन् २००९ देखि २०१२ सम्म सुरू भएका वा स्वीकृत गरिएका परियोजनाहरूलाई समेटेको छ । अनुकूलन रकम परिचालनसम्बन्धी जानकारीको लागि प्राथमिक स्रोतको रूपमा आर्थिक सहयोग तथा विकास संगठन अन्तर्गत स्थापना भएको विकास सहायता समितिको ऋणदाता प्रतिवेदन पद्धतिद्वारा विकसित तथ्याङ्कको प्रयोग गरिएको छ ।

यस अध्ययनका क्रममा दुईपक्षीय तथा बहुपक्षीय दातृ निकायहरू, सरकारी मन्त्रालय र निकायहरूका प्रमुख पदाधिकारीहरूसँग अनौपचारिक अन्तर्क्रियात्मक छलफल तथा अन्तवार्ता पनि सञ्चालन गरिएको थियो । परियोजनाले दातृ निकायहरूद्वारा निर्क्योल गरिएको "रियो" सूचकहरूको परीक्षण गर्न निश्चित मापदण्डहरू तयार गरेको थियो । यस अध्ययनले आर्थिक सहयोगका स्रोत, प्रापकका किसिम, क्षेत्रगत विनियोजन तथा वितरण लगायत पक्षहरूमा समग्र अनुकूलन वित्तको थप विश्लेषण गरेको छ ।

यस अध्ययनले नेपालमा सञ्चालनमा रहेका तीन ठूला जलवायु अनुकूलनका परियोजनाहरूको रकम प्रवाह संरचनाको पनि अध्ययन गरेको छ । त्यसमा जलवायु परिवर्तन समानुकूलन नमूना कार्यक्रम (PPCR), नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) र राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) अन्तर्गतका परियोजनाहरू रहेका छन् ।

## नेपालमा जलवायु अनुकूलन वित्त:




चित्र १ : 'रियो' सूचक अनुरूप सन् २००९ देखि २०१२ सम्मका लागि नेपालमा अनुकूलन कार्यक्रमका लागि दातृ निकायहरूको प्रतिबद्धता
(४ वर्षका लागि ५३८.२४मिलियन अमेरिकी डलर)

रियो सूचक अनुसार सन् २००९ देखि सन् २०१२ सम्म नेपालमा जलवायु परिवर्तन अनुकूलन परियोजनाका लागि दातृ निकायहरूद्वारा ५३८.२४ मिलियन अमेरिकी डलरको प्रतिबद्धता गरिएको छ । सन् २००९ यता अनुकूलन सहायता रकमको बढ्दो मात्रा विकसित राष्ट्रहरूको सन् २०१० देखि २०१२ सम्मका लागि गरेको ३० बिलियन अमेरिकी डलरको सामूहिक प्रतिवद्धतासँग मेल खान्छ ।

"अनुकूलन वित्तको जवाफदेहिताका लागि पहल" अध्ययनले निर्धारण गरेको मापदण्डअनुसार हेर्दा जलवायु परिवर्तनका लागि भनेर गरिएको प्रतिबद्धता देखाइएको समग्र रकमको ४५.७८ प्रतिशतमात्र पूर्ण वा आंशिक रूपमा जलवायु परिवर्तन अनुकूलनसँग सान्दर्भिक रहेको देखिन्छ (हेर्नुहोस : चित्र २) । यदि हामीले विशुद्ध अनुकूलन (A) र अनुकूलन तथा न्यूनीकरण (B) लाई एकसाथ लिने हो भने यसको कूल योगफल २४६.४४ मिलियन अमेरिकी डलर हुन आउँछ । यस रकमलाई सन् २००९ देखि २०१२ सम्ममा नेपालको लागि प्रतिवद्धता जनाइएको कुल अनुकूलन वित्तको रूपमा लिन सकिन्छ ।

सन् २००९ को डिसेम्बरमा आर्थिक सहयोग तथा विकास सङ्गठन अन्तर्गतको विकास सहायता समितिले जलवायु परिवर्तन अनुकूलनमा भैरहेको सहयोग पहिल्याउन नयाँ सूचकहरूको अनुमोदन गऱ्यो । रियो सूचकले जलवायु परिवर्तन अनुकूलन कुनैपनि परियोजनाको प्राथमिक उद्देश्य हो (यदि २ सूचित गरिएमा), अथवा सहायक उद्देश्य हो (यदि १ सूचित गरिएमा) अथवा परियोजनाले जलवायु परिवर्तन अनुकूलनलाई विल्कुलै सम्बोधन गर्दैन (यदि ० सूचित गरिएमा वा सूचित नगरिएमा) भन्ने संकेत गर्दछ ।


*Source: http://www.oecd.org/dac/stats/48785310.pdf*

यस अध्ययनमा दातृ निकायहरूले अनुकूलनसँग सान्दर्भिक (रियो सूचक १ वा २ सँग) भएका भनी निर्क्योल गरिएका परियोजना हरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अकुकूलनका सन्दर्भसँग सम्बन्धित मापदण्डहरूसँग थप तुलनात्मक अध्ययन गरिएको थियो । ती मापदण्डहरूका आधारमा निम्न ६ प्रकारका परियोजनाको पहिचान गरिएको छ :

१. विशुद्ध अनुकूलनका परियोजनाहरू (A)
२. न्यूनीकरण सम्बद्ध परियोजनाहरू (M)
३. अनुकूलन र न्यूनीकरण दुवैमा योगदान पुऱ्याउने परियोजनाहरू (B)
४. जलवायु परिवर्तन अनुकूलनमा सहयोग गर्ने केही गतिविधिहरू भएका विकास सहायता परियोजनाहरू (DA-A)
५. जलवायु परिवर्तनसँग सान्दर्भिक नभएका परियोजनाहरू (NR), र
६. कुनै पनि विस्तृत जानकारी उपलब्ध नभएका परियोजनाहरू (DNA)

दातृ निकायहरूले प्रारम्भमा अनुकूलनसँग सान्दर्भिक भनेर ठहऱ्याएका समग्र आर्थिक सहायताको ४४.३९ प्रतिशत रकम जलवायु परिवर्तनसँग सान्दिर्भिकनै नभएको विश्लेषण द्वारा पाइयो । त्यसैगरी ८.८५ प्रतिशत रकमले केही सीमित गतिविधिहरूलाई मात्र समेटेको थियो जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जलवायु परिवर्तनको अनुकूलनमा सहयोग गरेको थियो ।यदि ती दुई परियोजनाका प्रकारलाई (NR र DA-A) एकसाथ राख्ने हो भने दातृ निकायहरूले प्रारम्भमा अनुकूलन सान्दर्भिक रहेको भनी निर्क्योल गरेको सहायताको ५३.२४ प्रतिशत रकमलाई जलवायु परिवर्तन अनुकूलनसँग सान्दर्भिक नभएका परियोजना तथा कार्यक्रमको रूपमा वर्गीकरण गरिनुपर्ने हुन्छ । त्यसैगरी दातृ निकायहरूबाट प्रारम्भमा अनुकूलन सान्दिर्भिक भनेर निर्क्योल गरिएका ०.१८ प्रतिशत वित्तीय सहयोग प्राप्त भएका परियोजनाहरू न्यूनीकरणसँग मात्र सान्दर्भिक रहेको पाइयो भने ०.८० प्रतिशत सहायता रकमको विस्तृत जानकारी उपलब्ध हुन सकेन ।

नेपालले प्राप्त गरेको अनुकूलन सहायताहरूमध्ये धेरै जसो सहायता





चित्र २ : अनुकूलन वित्तको जवाफदेहिताका लागि पहल अध्यनद्वारा तयार गरिएको मापदण्डमा आधारित नेपालमा अनुकूलन सहायता प्रतिवद्धता (बजेटलाई मिलियन अमेरिकी डलरमा देखाइएको छ)

## अनुकूलन वित्तका स्रोतको प्रकृति

दुईपक्षीय निकायहरू मार्फत प्राप्त भएको छ । समग्र अनुकूलन सहायताको ५४.२७ प्रतिशत अर्थात १३३.७३ मिलियन अमेरिकी डलर सहायता दुईपक्षीय निकायहरू मार्फत प्राप्त भएको छ । त्यस्तै क्लाइमेट इन्भेस्टमेन्ट फण्ड (CIF) तथा ग्लोबल इन्भाइरोमेन्ट फेसीलीटी (GEF) जस्ता विशेष जलवायु कोषहरू मार्फत ३६.७५ प्रतिसत अर्थात ९०.५५ मिलियन अमेरिकी डलर प्राप्त भएको देखिन्छ । समग्रमा विशेष जलवायु कोष तथा बहूपक्षीय निकायहरूको अनुकूलन सहायतामा विशुद्ध अनुकूलन परियोजनाहरू प्राथमिकतामा रहेका छन् भने दुईपक्षीय निकायहरूको अनुकूलन सहायतामा अनुकूलन तथा न्यूनीकरण दुवै किसिमका परियोजनाहरू प्राथमिकतामा रहेका छन् ।

नेपालमा अनुकूलन परियोजनाका लागि सहयोग गर्ने दुईपक्षीय दातृ राष्ट्रहरूमध्ये बेलायत अग्र स्थानमा रहेको छ भने क्रमशः संयुक्त राज्य अमेरीका, स्वीजरल्याण्ड, फिनल्याण्ड र युरोपेलि युनियन त्यसपछि पर्दछन् ।


नेपालमा अनुकूलन परियोजनामा भएका सहायता मध्ये धेरैजसो जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि बाहिरका संरचनाबाट हुने गरेका छन् । यस संयुक्त राष्ट्रसंघीय महासन्धि बाहिरका संरचनाबाट हुने समग्र अनुकूलन सहायता २३९.८७ मिलियन अमेरिकी डलर रहेको छ भने महासन्धिभित्रको संरचनाबाट हुने सहायता केवल ६.२ मिलियन अमेरिकी डलर रहेको छ । यदि ग्लोबल इन्भाइरोमेन्ट फेसिलिटी (GEF) ले सन् २०१३ मा स्वीकृत गरेको थप दुईवटा परियोजनालाई समेत लिने हो भने १५.६३ मिलियन अमेरिकी डलर बराबरको रकम संयुक्त राष्ट्रसंघीय महासन्धिभित्रका संरचनाबाट प्राप्त भएको देखिन्छ । हालसम्म ग्लोबल इन्भाइरोमेन्ट फेसिलिटी (GEF) मार्फत अतिकम विकसित राष्ट्रहरूको कोष (LDCF) नेपालमा अनुकूलनका परियोजनाहरूमा सहायता गर्ने एक मात्र संयुक्त राष्ट्रसंघीय महासन्धिभित्रको संरचना रहेको छ ।




चित्र ३ : स्रोतको प्रकृतिका आधारमा नेपालमा अनुकूलन सहायताको प्रतिबद्धता

## प्रापक र प्रापकका प्रकारहरू

नेपालमा राष्ट्रिय सरकारी निकायहरू अनुकूलन सहायताको प्रमुख प्रापकका रूपमा रहेका छन् । उनीहरूले समग्र अनुकूलन सहायता मध्ये १७०.४१ मिलियन अमेरिकी डलर प्राप्त गरेका छन् । राष्ट्रिय सरकारी निकायहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, राष्ट्रिय निजी संस्थानहरू, बहूपक्षीय निकायहरू र राष्ट्रिय गैरसरकारी संस्थाहरू र अन्य क्रमशः ६९.१५ प्रतिशत, १२.४५ प्रतिशत, ८.७३ प्रतिशत, ७.७४ प्रतिशत, ०.९१ प्रतिशत र १.०२ प्रतिशत प्राप्त गरेका छन् । चित्र ४ ले नेपालमा अनुकूलन परियोजनाका लागि २४६.४४ मिलियन अमेरिकी डलर रकम प्राप्त गर्ने निकायहरूलाई देखाएको छ ।




चित्र ४ : नेपालमा अनुकूलन सहायताका प्रमुख प्रापकहरू

## अनुकूलन सहायताको क्षेत्रगत विनियोजन

तलको चित्र अनुसार वन तथा जैविक विविधता क्षेत्रले समग्र अनुकूलन सहायताको ४४.३६ प्रतिशत प्राप्त गरेको देखिन्छ । त्यसपछि क्रमशः बहूक्षेत्रले २६.९४ प्रतिशत, जलवायुजन्य प्रकोपका क्षेत्रले १६.४१ प्रतिशत, कृषि तथा खाद्य सुरक्षा क्षेत्रले ९.४१ प्रतिशत, क्षमता विकास क्षेत्रले ३.१५ प्रतिशत र शहरी बसोबास तथा संरचना क्षेत्रले ०.०१ प्रतिशत प्राप्त गरेको पाइन्छ ।


यस अध्ययनको नतिजाले समग्र अनुकूलन सहायताको ३.१५ प्रतिशत रकम पूर्णरूपमा क्षमता विकासका कार्यमा विनियोजित भएको देखाउँछ । त्यसका अलावा पनि लगभग सबै परियोजनाहरूले क्षमता निर्माण वा सबलीकरणको क्षेत्रलाई समेटेको पाइन्छ ।

नेपालको राष्ट्रिय अनुकूलन कार्यक्रमको प्राथमिकतामा परेका दुई क्षेत्रहरू जनस्वास्थ्य र जलस्रोत तथा ऊर्जाले अहिलेसम्म कुनै छुटै अनुकूलन

सहायता प्राप्त गरेको देखिदैन । त्यस्तै कृषि तथा खाद्य सुरक्षा र शहरी बसोबास तथा संरचनाको क्षेत्रलाईपनि न्यून प्राथमिकता दिएको पाइन्छ ।

## नेपालमा अनुकूलन परियोजनाका लागि रकम प्रवाह संरचना : अवस्था अध्ययन


अतिकम विकसित राष्ट्रहरूको कोष (LDCF) मार्फतको राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) अन्तर्गतका परियोजना, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) र जलवायु परिवर्तन समानुकूलन नमूना कार्यक्रम (PPCR) हाल नेपालमा कार्यान्वयनमा रहेका तीन प्रमुख अनुकूलन परियोजनाहरू हुन् । यी तीनवटा परियोजनालाई एकसाथ लिने हो भने नेपालमा समग्र अनुकूलन रकमको करिब ५० प्रतिशत भाग समेटेको देखिन्छ । यी परियोजनाहरूको विस्तृत विवरण तल तालिका १ मा देखाइएको छ :





चित्र ५ : नेपालमा अनुकूलन सहायता रकमको विषयगत विनियोजन

तालिका १ : नेपालका तीन प्रमुख परियोजनाहरूको सारांश (NAPA projects, NCCSP/LAPA and PPCR)


| क्र. सं. | परियोजनाका तत्वहरु | राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) अन्तर्गतका परियोजनाहरु | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP)/ लापा (LAPA) | जलवायु परिवर्तन समानुकूलन नमूना कार्यक्रम (PPCR) |
|---|---|---|---|---|
| १ | **परियोजनाको नाम** | **परियोजना १** : ह्रासोन्मुख वन तथा चरण क्षेत्रमा समानुकूलित प्राकृतिक पूँजी तथा ग्रामीण जीविकोपार्जनका लागि पारिस्थितिकीय प्रणाली पुनस्थापनका लागि उत्प्रेरित गर्ने<br>**परियोजना २** : नेपालको कृषि क्षेत्रको दिगो जीविकोपार्जनका लागि जलवायु परिवर्तन र विविधताको प्रभावको सामना गर्न संकटासन्नताको न्यूनीकरण तथा अनुकूलन क्षमताको अभिवृद्धि गर्ने<br>(नोट : परियोजना १ र २ का लागि सहायताको स्वीकृति २०१३ मा मात्र भएको हो)<br>**परियोजना ३** : समुदायमा आधारित बाढी तथा हिमताल जोखिम न्यूनीकरण कार्यक्रम | नेपाल जलवायु सहयोग कार्यक्रम (NCCSP) : नेपालमा जलवायु समानुकूलनताको निर्माण | **पहिलो क्षेत्र** : पर्वतीय पारिस्थितिकीय क्षेत्रभित्र पर्ने जलाधारहरूको जलवायु समानुकूलन<br>**दोस्रो क्षेत्र** : जलवायु अत्पन्न जोखिम समानुकूलन<br>**तेस्रो क्षेत्र**: विकास आयोजनामा जलवायु परिवर्तनका जोखिमको मुलप्रवाहीकरण<br>**चौथो क्षेत्र** : निजी क्षेत्रको सक्रिय सहभागितामा जलवायु समानुकूलनका लागि सक्षम समुदाय निर्माण<br>**पाँचौ क्षेत्र** : लोपोन्मुख प्रजातिहरूको जलवायु समानुकूलन अभिवृद्धि |
| २ | **बजेट** | **परियोजना १**: ५.७५ मिलियन अमेरिकी डलर,<br>**परियोजना २**: २.९५ मिलियन अमेरिकी डलर,<br>**परियोजना ३**: ६.९३ मिलियन अमेरिकी डलर<br>(यसमा ०.९५ मिलियन थप सहयोग युएनडीपीले गर्ने)<br>**जम्मा : १५.६३ मिलियन अमेरिकी डलर** | २१.५ मिलियन अमेरिकी डलर | **पहिलो क्षेत्र** : ३०.११ मिलियन अमेरिकी डलर<br>**दोस्रो क्षेत्र** : ३२.३० मिलियन अमेरिकी डलर<br>**तेस्रो क्षेत्र** : ७.१६ मिलियन अमेरिकी डलर<br>**चौथो क्षेत्र** : ८.७३ मिलियन अमेरिकी डलर<br>**पाँचौ क्षेत्र** : ५.०० मिलियन अमेरिकी डलर<br>**जम्मा : ८२.३० मिलियन अमेरिकी डलर** |
| ३ | **सहायताका स्रोत** | अतिकम विकसित राष्ट्रहरूको कोष (LDCF)/ ग्लोबल इन्भाइरोमेन्ट फेसिलिटी (GEF) | डीएफआइडी, युरोपियन युनियन र साइप्रस | क्लाइमेट इन्भेस्टमेन्ट फण्ड (CIF) |
| ४ | **व्यवस्थापन निकाय** | राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP), खाद्य तथा कृषि संगठन (FAO), र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) | विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विश्व बैंक (World Bank), एसियाली विकास बैंक (ADB), अन्तर्राष्ट्रिय वित्तीय नियोग (IFC) |
| ५ | **राष्ट्रिय कार्यान्वयन साझेदारहरु** | **परियोजना १** : विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, कृषि विकास मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय<br>**परियोजना २** : कृषि विकास मन्त्रालय, राष्ट्रिय कृषि अनुसन्धान परिषद, जल तथा मौसम विज्ञान विभाग<br>**परियोजना ३** : विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय र जल तथा मौसम विज्ञान विभाग | विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | **पहिलो क्षेत्र** : भू तथा जलाधार संरक्षण विभाग<br>**दोस्रो क्षेत्र** : कृषि विकास मन्त्रालय र जल तथा मौसम विज्ञान विभाग<br>**तेस्रो क्षेत्र** : विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय<br>**चौथो क्षेत्र** : कृषि विकास मन्त्रालय र निजी कम्पनीहरू<br>**पाँचौ क्षेत्र** : वन तथा भूसंरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन विभाग |
| ६ | **सहायताको पहुँच** | अप्रत्यक्ष पहुँच (राष्ट्रसंघीय निकायहरू मार्फत) | प्रत्यक्ष पहुँच (नेपाल सरकार) | अप्रत्यक्ष पहुँच (विश्व बैक, एसीयाली विकास बैंक र अन्तर्राष्ट्रिय वित्तीय नियोग) |
| ७ | **सहायताको स्वरुप** | अनुदान र सह-लगानी | अनुदान | अनुदान तथा सहुलियत ऋण |
| ८ | **राष्ट्रिय बजेटसँगको मेल (रातो किताब)** | सरकारी सूचनाको लागि राष्ट्र बैंकमा छुट्टै विशेष खाता रहेको छ | नेपाल राष्ट्र बैंकमा विशेष खाता रहेको छ | नेपाल राष्ट्र बैंकमा विशेष विशेष खाता रहेको छ |
| ९ | **संयुक्त राष्ट्रसंघीय महासन्धिको वित्तीय संरचना** (UNFCCC Financial Mechanism) | संयुक्त राष्ट्रसंघीय महासन्धिको संरचना भित्र (Within UNFCCC Mechanism) | संयुक्त राष्ट्रसंघीय महासन्धिको संरचना बाहिर (Outside UNFCCC Mechanism) | संयुक्त राष्ट्रसंघीय महासन्धिको संरचना बाहिर (Outside UNFCCC Mechanism) |




चित्र ६ : समुदायमा आधारित बाढी तथा हिमताल विष्फोट जोखिम न्यूनीकरण कार्यक्रम - प्रशासनिक तथा रकम प्रवाह संरचना




चित्र ८ : नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रम/स्थानीय अनुकूलन कार्ययोजना - प्रशासनिक तथा रकम प्रवाह संरचना




चित्र ७ : जलवायु परिवर्तन समानुकूलन नमूना कार्यक्रम दोस्रो क्षेत्र - प्रशासनिक तथा रकम प्रवाह संरचना

नेपालमा सञ्चालनमा रहेका अनुकूलन परियोजनाहरू मध्ये समुदायमा आधारित बाढी तथा हिमताल विष्फोट जोखिम न्यूनीकरण कार्यक्रम, जलवायु समानुकूलन नमूना कार्यक्रम दोस्रो क्षेत्र र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमहरूको प्रशासनिक तथा रकम प्रवाह संरचना लाई क्रमशः चित्र नं. ६, ७ र ८ मा दिइएको छ ।

यी तथ्याङ्कले जलवायु परिवर्तनसम्बन्धी परियोजना र कार्यक्रमहरूका प्रशासनीक तथा रकम प्रवाहको संरचना विगत कयौं वर्षदेखि नेपालमा विकास परियोजनाहरूले प्रयोग गरिरहेका परम्परागत संरचना जस्तै देखिन्छन् । जलवायु सम्बद्ध परियोजनाहरूको सहायता र प्रभावकारी कार्यान्वयनमा कुनै पनि नवीन तथा अग्रगामी विचार तथा उपायहरू अपनाइएको देखिन्न ।

यस अध्ययन प्रतिवेदनको पूर्णतापछि अनुकूलन वित्तको जवाफदेहिताका लागि पहल नामक परियोजनाले अनुकूलनको उद्देश्य, सरकारी नीति र अन्तर्राष्ट्रिय सम्झौताअनुरूप रकम प्रवाह संरचनाको प्रभावकारिताको अध्ययन तथा विश्लेषण गर्न थप खोज तथा अनुसन्धान गर्नेछ ।

**नोटः** यस तथ्य पत्रमा भएका जानकारीहरु "नेपालमा जलवायु परिवर्तन अनुकूलनका लागि विद्यमान वित्तीय अवस्था बारे गरिएको अध्ययन" बाट लिइएको हो ।

## थप जानकारीको लागि

**Clean Energy Nepal**
१४०, बुलबुले मार्ग, थापागाउँ, पोष्ट बक्सः २४५८१,
काठमाडौं, फोन नं. ०१४४६४९८१, ०१६९१५६४९
इमेलः info@cen.org.np
वेबसाइट : www.cen.org.np

OXFAM